# स्थानीय राजपत्र

**पालुङटार नगरपालिकाद्धारा प्रकाशित**

**खण्ड ०८) पालुङटार,  पुष ३० गते, २०८२ साल (संख्या ०४**

पालुङटार नगरपालिकाको नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ।

**भाग १**

**पालुङटार नगरपालिकामा जनस्वास्थ्य सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२**

**प्रस्तावनाः** नेपालको संविधानले प्रत्याभूत गरेको निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन, नगरपालिकामा उपलब्ध स्रोत साधनको समुचित प्रयोग गर्दै संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा उल्लेखित स्वास्थ्य सम्बन्धी स्थानीय तहको काम, कर्तव्य र अधिकार कार्यान्वयनको लागि कानूनी व्यवस्था गर्न बाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी पालुङटार नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

**परिच्छेद १**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "पालुङटार नगरपालिकाको जनस्वास्थ्य ऐन, २०८२" रहेको छ।

(२) यस ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "नगरपालिका" भन्नाले पालुङटार नगरपालिकालाई सम्झनु पर्छ।

(ख) “स्वास्थ्य सेवा” भन्नाले आधुनिक चिकित्सा (एलोप्याथी), आयुर्वेद, होमियोप्याथी, युनानी, प्राकृतिक चिकित्सा, अकुपन्चर लगायतका पद्दतीमा आधारित भई प्रदान गरिने प्रवर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक, पूनर्स्थापनात्मक र प्रशामक सेवा सम्झनु पर्छ।

(ग) “आधारभूत स्वास्थ्य सेवा" भन्नाले तोकिएको आधारभुत स्वास्थ्य सेवा प्याकेजमा उल्लेख भएका निःशुल्क उपलब्ध हुने प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक, पूनर्स्थापनात्मक स्वास्थ्य सेवाहरु सम्झनु पर्छ।

(घ) “आकस्मिक स्वास्थ्य सेवा" भन्नाले आकस्मिक घटना वा आपतकालीन अवस्थामा परी जीवन जोखिमयुक्त अवस्थामा रहेको व्यक्तिको जीवनलाई जोखिममुक्त गर्न आवश्यकता अनुसार दिइने प्रारम्भिक तथा तत्काल सेवालाई सम्झनु पर्छ।

(ङ) "ऐन” भन्नाले पालुङटार नगरपालिकाको नगर जनस्वास्थ्य ऐन, २०८२ लाई सम्झनु पर्छ।

(च) "सङ्घीय ऐन” भन्नाले सङ्घीय संसदले बनाएको स्वास्थ्य सम्बन्धी ऐनलाई बुझ्नु पर्छ।

(छ) "कार्यपालिका” भन्नाले पालुङटार नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ।

(ज) "सरकारी स्वास्थ्य संस्था" भन्नाले सरकारी स्वामित्वमा सञ्चालन भएका आधारभूत अस्पताल, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य संस्था, आधारभूत स्वास्थ्य संस्था, बर्थिङ सेन्टर, शहरी स्वास्थ्य केन्द्र, सामुदायीक स्वास्थ्य इकाइलाई सम्झनु पर्छ।

(झ) “सामुदायिक स्वास्थ्य संस्था" भन्नाले सामुदायिक स्वामित्वमा सञ्चालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्छ।

(ञ) "निजी स्वास्थ्य संस्था” भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी सञ्चालन हुने अस्पताल तथा अन्य स्वास्थ्य संस्था भनेर सम्झनु पर्छ।

(ट) "ट्रष्ट वा लोककल्याणकारी स्वास्थ्य संस्था" भन्नाले ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत सञ्चालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्छ।

(ठ) "अस्पताल" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्न प्रचलित कानून बमोजिम स्थापना भएका सरकारी, गैरसरकारी, नीजि, सहकारी, सामुदायिक अस्पताल भन्ने सम्झनु पर्छ।

(ड) "आधारभूत अस्पताल" भन्नाले आधारभूत स्वास्थ्य सेवा लगाएतका स्वास्थ्य सेवाहरु प्रदान गर्ने पाँच देखि पन्ध्र शैयाका अस्पताल भन्ने सम्झनु पर्छ ।

(ढ) "स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानून बमोजिम चिकित्सक वा स्वास्थ्यकर्मीको रुपमा सम्बन्धित परिषदमा दर्ता भएको व्यक्ति सम्झनु पर्छ।

(ण) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधि, निर्देशिका, मापदण्ड वा प्रचलित कानूनमा तोकिएको वा तोकिए बमोजिम भन्ने सम्झनु पर्छ।

(त) "सेवाग्राही" भन्नाले स्वास्थ्य सेवाका लागि स्वास्थ्य संस्थामा आएका वा दर्ता भएका व्यक्ति सम्झनु पर्छ।

(थ) "सेवाप्रदायक" भन्नाले स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य सेवा प्रदान गर्ने व्यक्ति र महिला स्वास्थ्य स्वयंसेविका समेत भन्ने सम्झनु पर्छ।

(द) "मन्त्रालय" भन्नाले नेपाल सरकारको स्वास्थ्य हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ध) "नगर स्तरीय जनस्वास्थ्य समिति" भन्नाले दफा १४ अनुसार नगरपालिकामा गठित समितिलाई सम्झनु पर्छ।

(न) "वडा स्तरीय स्वास्थ्य व्यवस्थापन समिति" भन्नाले दफा १६ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

(ऩ) "सूर्तिजन्य पदार्थ" भन्नाले धुम्रपान, भेप वा सूर्ती सेवनको लागि तयार गरिएको वा उत्पादन गरिएको चुरोट, बिंडी, सिगार, तमाखु, सुल्फा, कक्कड़, कच्चा सूर्ती, खैनी, गुट्खा, वा यस्तै प्रकारका अन्य सूर्तिजन्य पदार्थ सम्झनु पर्छ।

(प) "मदिराजन्य पदार्थ" भन्नाले रक्सी, बियर, वाइन जस्ता अल्कोहल मिसिएका पेय पदार्थहरुलाई सम्झनु पर्छ।

(फ) "डिजिटल स्वास्थ्य सेवा (Digital Health Service)" भन्नाले सूचना तथा सञ्चार प्रविधिको प्रयोग मार्फत स्वास्थ्य सेवा प्रदान गर्ने, रोग रोकथाम, उपचार, स्वास्थ्य प्रवर्द्धन र स्वास्थ्य प्रणालीको व्यवस्थापनलाई प्रभावकारी बनाउने प्रक्रिया सम्झनु पर्छ।

## परिच्छेद २

## स्वास्थ्य सेवा सम्बन्धी व्यवस्था

**३. आधारभूत स्वास्थ्य सेवाः** (१) प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क रुपमा प्राप्त गर्ने हक हुनेछ।

(२) प्रत्येक नागरिकलाई स्वास्थ्य सम्बन्धी सूचना, स्वास्थ्य उपचार सेवा र सो सम्बन्धी जानकारी प्राप्त गर्ने हक हुनेछ।

(३) उपदफा (१) अनुसारका आधारभूत स्वास्थ्य सेवाहरु निम्नानुसार हुनेछन्ः

(क) खोप सेवा, एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन र पोषण सेवा,

(ख) गर्भवती, प्रसुती तथा सुत्केरी सेवा, परिवार नियोजन, सुरक्षित गर्भपतन लगायत प्रजनन स्वास्थ्य सेवा,

(ग) नसर्ने रोग सम्बन्धी सेवा,

(घ) सरुवा रोग सम्बन्धी सेवा,

(ङ) स्वास्थ्य प्रवर्द्धन सेवा,

(च) मानसिक रोग सम्बन्धी सेवा,

(छ) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा,

(ज) सामान्य आकस्मिक स्वास्थ्य सेवा,

(झ) आयुर्वेद तथा अन्य मान्यताप्राप्त वैकल्पिक स्वास्थ्य सेवा,

(ञ) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले राजपत्रमा सूचना जारी गरी तोकेका अन्य सेवा।

(४) उपदफा (३) बमोजिमका स्वास्थ्य सेवा तोकिए बमोजिमका स्वास्थ्य संस्थाबाट तोकिए बमोजिमका विधि वा प्रक्रियाबाट निःशुल्क रुपमा उपलब्ध गराइनेछ।

(५) नगरपालिकाले स्थानीय साधन, स्रोत तथा आवश्यकताका आधारमा आधारभूत स्वास्थ्य सेवा थप गर्न सक्नेछ र थप गरिएका आधारभूत स्वास्थ्य सेवा तोकिए बमोजिमका स्वास्थ्य संस्थाबाट निःशुल्क उपलब्ध हुनेछ।

(६) उपदफा (५) बमोजिमका सेवाहरुको विस्तृत विवरण, सेवा प्रवाह तथा अन्य व्यवस्थापन प्रक्रिया नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(७) उपदफा (१), २), ३), (४), (५) र (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि हाल तोकिएका आधारभूत स्वास्थ्य सेवा बाहेकका स्वास्थ्य सेवा प्रदान गर्दा स्वास्थ्य संस्थाको व्यवस्थापन समितिको निर्णयले न्यूनतम सेवा शुल्क निर्धारण गर्न सक्नेछ।

(८) नगरपालिकाले स्थानीय स्रोत र साधन तथा आवश्यकता अनुसार स्वास्थ्य संस्थाहरुलाई प्रविधि मैत्री बनाउदै डिजिटल स्वास्थ्य सेवाको विकास र विस्तार गर्दै लगिनेछ।

४. **आकस्मिक उपचारः** (१) प्रत्येक स्वास्थ्य संस्थाहरुले तोकिए बमोजिमका आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको स्वास्थ्य सेवा उपलब्ध गराउनु स्वास्थ्य संस्था तथा सेवा प्रदायकको जिम्मेवारी हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अस्पताल तथा स्वास्थ्य संस्थामा उक्त बिरामीको उपचार सम्भव नहुने भएमा त्यहाँ उपलब्ध भएको आकस्मिक स्वास्थ्य सेवा तत्काल उपलब्ध गराई थप उपचारको लागि तत्काल उक्त सेवा प्राप्त हुने अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्न सक्नेछ ।

(४) आकस्मिक स्वास्थ्य सेवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५. **विशेषज्ञ सेवाः** (१) नगरपालिकाले सेवाको अवस्था तथा रोगको प्रकोप दरका आधारमा आवश्यकता अनुसार तोकिएका विशेषज्ञ सेवा उपलब्ध गराउन सक्नेछ।

(२) विशेषज्ञ सेवा उपलब्ध गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. **प्रेषण (रेफरल) सेवाः** (१) प्रत्येक स्वास्थ्य संस्थाले उपचारको लागि आएका विरामीहरुलाई आफ्नो स्वास्थ्य संस्थामा उपलब्ध सेवा प्रदान गरी थप उपचारको आवश्यकता भएको खण्डमा तत्काल उक्त सेवा प्राप्त हुने स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्नेछ।

(२) प्रेषण गरिएको स्वाथ्य संस्थामा लैजानु, उपचार गराउनु, खर्च व्यहोर्नु र उपचार गर्ने कार्यमा सहयोग तथा सहजीकरण गर्नु अभिभावक, परिवारका सदस्य, संरक्षक तथा संरक्षकत्व स्वीकार गरिएको व्यक्तिको दायित्व हुनेछ।

(३) प्रेषण सम्बन्धी थप व्यवस्था तोकिए बमोजिम हुनेछ।

७. **गुणस्तरीय स्वास्थ्य सेवाः** (१) नगरपालिकाले प्रत्येक नागरिकलाई स्वास्थ्य संस्थाबाट गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनेछ।

(२) नगरपालिकाले उपलब्ध स्रोत साधनको आधारमा नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्न आवश्यकताको आधारमा तोकिएको मापदण्ड पूरा गरेका स्वास्थ्य संस्थाको स्थापना गरी त्यस्ता संस्थामा आवश्यक जनशक्ति, प्रविधि तथा उपकरणको व्यवस्थापन गर्नेछ।

## परिच्छेद ३

## स्वास्थ्य सेवा प्रणाली र व्यवस्थापन सम्बन्धी व्यवस्था

**८. सेवा प्रदायकको व्यवस्थाः** (१) नगरपालिका क्षेत्रभित्र आधारभूत स्वास्थ्य सेवा देहायका स्वास्थ्य संस्थाहरुवाट प्रदान गरिनेछः

(क) नगरपालिकाको स्वामित्वमा सञ्चालन भएका आधारभूत अस्पताल लगायतका सबै स्वास्थ्य संस्थाहरु,

(ख) नगरपालिकाको सहकार्यमा सञ्चालित सङ्घीय अस्पताल, प्रदेश अस्पताल, निजी तथा सामुदायिक अस्पताल वा स्वास्थ्य संस्थाहरु,

(ग) खण्ड (ख) बमोजिमको सहकार्य अन्तर्गत नगरपालिकाले सेवा खरिद, सह-लगानी, औषधी, उपकरणहरु खरिद, थप जनशक्तिको व्यवस्थापन र अस्पतालको फोहरमैला व्यवस्थापन तथा सेवा प्रदायकको संस्थागत सामाजिक जिम्मेवारी, समाज सेवा र संस्थाको ख्याती जस्ता कार्य गर्न सक्ने,

(२) नगरपालिका अन्तर्गत सञ्चालन हुने आधारभूत अस्पताल र स्वास्थ्य संस्था सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**९. इजाजतपत्र प्राप्त गर्नु पर्नेः** (१) यस ऐन बमोजिम अनुमति नलिई कसैले पनि स्वास्थ्य सेवा सञ्चालन गर्नु हुँदैन।

(२) नगरपालिका भित्र निजी तथा गैरसरकारी स्वास्थ्य संस्था सञ्चालन गर्न चाहेमा तोकिए बमोजिम इजाजत पत्र लिई सञ्चालन गर्नु पर्नेछ।

(३) यस ऐन प्रारम्भ हुँदाका बखत इजाजत नलिई सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरुले नगरपालिकाले तोकेको समयभित्र उपदफा (२) बमोजिमको इजाजतपत्र लिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम इजाजत लिई सञ्चालन मा आएको स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थाबाट सेवा लिएका सेवाग्राहीको व्यक्तिगत विवरण, स्वास्थ्य सम्बन्धी अवस्था, निदान तथा उपचारसँग सम्बन्धित विवरणको छुट्टाछुट्टै अभिलेख बनाई राख्नु पर्नेछ।

(५) अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन अनुमती प्रदान गर्दा स्वास्थ्य संस्थाको सेवाको प्रकृती, सेवा प्रवाह, जनसंख्या, भौगोलिक दुरी, पहुँच योग्य र शैय्या क्षमता ऐन बमोजिम कार्यविधि नबन्दा सम्मका लागि नेपाल सरकारले तोकेको मापदण्ड अनुसार हुनेछ।

(६) नगरपालिकाले अस्पताल, प्रयोगशाला, नर्सिङ्ग होम, पोलिक्लिनिक, क्लिनिक, औषधालय, औषधी पसल लगायत स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको नियमित रुपमा निरिक्षण तथा अनुगमन गर्न गराउन सक्नेछ।

(७) अस्पताल तथा स्वास्थ्य संस्थाको सञ्चालन अनुमति, दर्ता, नवीकरण, स्तरोन्नती सम्बन्धि कार्यका लागि आवश्यक मापदण्ड सहितको कार्यविधि बनाई लागू गरिनेछ।

**१०. खारेज भएको मानिने:** तोकिएको मापदण्ड पुरा नगर्ने र दफा ९ बमोजिम इजाजत पत्र नलिई सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरुको इजाजत स्वतः खारेज भएको मानिनेछ।

**११. थप सेवा विस्तार गर्न वा शाखा स्थापना गर्न वा संस्था गाभिन अनुमति लिनुपर्ने:** (१) स्वास्थ्य संस्थाले आफुले सेवा सञ्चालन गर्न अनुमति पाएको सेवाका अतिरिक्त थप सेवा विस्तार गर्न वा शाखा स्थापना गरी सेवा सञ्चालन गर्न चाहेमा तोकिएको प्रकृया पुरा गरी सम्बन्धित निकायबाट अनुमति लिनु पर्नेछ।

(२) नगरपालिकाभित्र सञ्चालनमा रहेका दुई वा दुई भन्दा बढी स्वास्थ्य संस्था एक आपसमा गाभिई सेवा सञ्चालन गर्न चाहेमा तोकिए बमोजिमका शर्तहरु पूरा गरी सञ्चालन अनुमतिको लागि त्यस्ता स्वास्थ्य संस्थाहरुले सम्बन्धित निकायमा संयुक्त रुपमा निवेदन दिनु पर्नेछ।

**१२. स्वास्थ्य संस्था बाहेक अन्यत्रबाट स्वास्थ्य सेवा प्रदान गर्ने:** (१) नगरपालिकाले आवश्यकताका आधारमा घुम्ती सेवा, विद्यालय स्वास्थ्य प्रवर्द्धन जस्ता कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) कुनै स्वास्थ्य संस्था, गैरसरकारी तथा नीजि संस्थाले नगरपालिकाले तोकेको मापदण्ड पुर्‍याई अनुमति लिई घुम्ती शिविरहरु मार्फत विशेषज्ञ स्वास्थ्य सेवाहरु सञ्चालन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम स्वास्थ्य सेवा प्रदान गर्ने प्रक्रिया र मापदण्ड नगरपालिकाले तोके बमोजिम हुनेछ।

**१३. पेशागत आचरण र समानता:** (१) स्वास्थ्य सेवाप्रदायकहरुले स्वास्थ्य सम्बन्धी परिषद्हरुले निर्धारण गरे बमोजिमको पेशागत आचरण पालना गर्नु पर्नेछ।बिरामीको औषधी उपचार सम्बन्धी व्यक्तिगत स्वास्थ्य सरोकारका बिषयहरुमा स्वास्थ्य संस्था तथा सेवाप्रदायकहरुले गोपनियता कायम गर्नु पर्नेछ।

(२) स्वास्थ्य सेवा प्रदान गर्दा सवै सेवाप्रदायकहरुले सेवाग्राही प्रति समान तथा आदरपूर्ण व्यवहार गर्नु पर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विरामीको स्वास्थ्यको गम्भिरताको आधारमा सेवाप्रदायकले उपचार गर्दा प्राथमिकिकरण गर्न सक्नेछन्।

## परिच्छेद ४

## स्वास्थ्य समिति सम्बन्धी व्यवस्था

**१४. नगर स्तरीय जनस्वास्थ्य समिति गठन, काम, कर्तव्य र अधिकारः** (१) नगरपालिकाभित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख, स्थापना, सञ्चालन, सुपरिवेक्षण र अनुगमन गर्न देहाय बमोजिमको नगर जनस्वास्थ्य समिति रहने छ।

(क) नगर प्रमुख - अध्यक्ष

(ख) नगर उपप्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सामाजिक बिकास समिति संयोजक - सदस्य

(ङ) नगरपालिका अन्तर्गत सरकारी स्वास्थ्य संस्थामा कार्यरत मेडिकल अधिकृत १ जना - सदस्य

(च) नगरपालिका भित्रका निजि स्वास्थ्य संस्था संचालक मध्यबाट नगरप्रमुखले तोकेको १ जना प्रतिनिधि - सदस्य

(छ) जनस्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(२) आवश्यकता अनुसार समितिमा अन्य विज्ञलाई पनि आमन्त्रण गर्न सकिनेछ।

(३) नगर जनस्वास्थ्य समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ :

(क) गुणस्तरीय तथा जनमुखी जनस्वास्थ्य सेवाका लागि स्वास्थ्य सेवा प्रणालीमा सुधार ल्याउन आवश्यक समन्वय तथा सुझाव दिने।

(ख) नगरपालिकाभित्र स्वास्थ्य संस्था सञ्चालनका लागि दर्ता, अनुमति, स्वीकृति प्रदान गर्ने।

(ग) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने।

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने।

(ङ) स्वास्थ्य संस्थाहरुको अनुगमन तथा गुणस्तर सुनिश्चितता समिति मार्फत नियमन सुपरिवेक्षण तथा अनुगमन गर्ने गराउने।

(च) अनुगमन तथा गुणस्तर सुनिश्चितता समिति मार्फत प्राप्त सुझावलाई नगरकार्यपालिकामा पेश गर्ने।

(छ) नगर कार्यपालिकालाई जनस्वास्थ्य तथा सरसफाइ क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने।

(ज) सङ्घीय सरकारको स्वास्थ्य नीति तथा मापदण्ड पालना गर्ने गराउने।

(झ) आकस्मिक रुपमा देखा पर्ने प्रकोपजन्य समस्याको शीघ्र निराकरण गर्न योजना बनाई कार्यन्वयन गर्ने।

(ञ) जनस्वास्थ्यसँग सम्बन्धित अन्य कुनै आवश्यक विषयमा आवश्यकता अनुसार मापदण्ड, निर्देशिका तथा कार्यविधि तर्जुमा गर्न परामर्श दिने।

(ट) आवश्यकता अनुसार उपसमिति गठन गरी स्वास्थ्य सम्बन्धी कामकारवाही गर्ने गराउने।

(ठ) नगरपालिकाका सबै नीतिहरुमा स्वास्थ्य नीति अवलम्बन गर्न पैरवी गर्ने।

**१५. अनुगमन तथा गुणस्तर सुनिश्चितता समितिः** (१) नगर क्षेत्र भित्र रहेका सरकारी, गैरसरकारी तथा निजी स्वास्थ्य संस्थाहरुबाट प्रदान भईरहेको स्वास्थ्य सेवाको अनुगमन, गुणस्तरको सुनिश्चितता तथा नयाँ स्वास्थ्य संस्था दर्ता, नविकरण, स्तरोन्नती र सेवा विस्तारका लागि देहाय बमोजिमको स्वास्थ्य अनुगमन तथा गुणस्तर सुनिश्चितता समिति रहनेछः

| | |
|---|---|
| (क) सामाजिक विकास समितिको संयोजक | - संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृतले तोकेको एक जना अधिकृत स्तरको कर्मचारी | - सदस्य |
| (ग) विषयगत क्षेत्र मध्येबाट समितिले छनौट गरेको प्रतिनिधि एक जना सदस्य (ल्याब/रेडीयोग्राफर/डेन्टल/फार्मेसी/ अप्थाल्मीक आदि) | - सदस्य |
| (घ) पब्लिक हेल्थ नर्स/जनरल नर्स एक जना | - सदस्य |
| (ङ) नगर प्रमुखले तोकेको विषय विज्ञ एक जना | - सदस्य |
| (च) नगरपालिकाको योजना शाखा प्रमुख | - सदस्य |
| (छ) उपभोक्ता हित संरक्षणको क्षेत्रमा क्रियशील संस्थाको प्रतिनिधि १ जना | - सदस्य |

(ज) जनस्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(२) समितिले शिक्षा, खानेपानी तथा सरसफाई, सामाजिक विकास योजना शाखा लगायतका सम्बन्धित क्षेत्रका विषय विज्ञलाई आमन्त्रितको रुपमा सहभागी गराउन सक्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर स्वास्थ्य अनुगमन तथा गुणस्तर सुनिश्चितता समिति गठन गर्दा महिला तथा समानुपातिक सहभागीताको सुनिश्चितता गर्नेछ।

(४) नगर स्वास्थ्य अनुगमन तथा गुणस्तर सुनिश्चितता समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः

(क) नगर क्षेत्र भित्र रहेका सरकारी, गैरसरकारी, निजी स्वास्थ्य संस्थाहरुको अवस्था पहिचान र सूधारकालागि आवश्यक पर्ने अनुगमन निर्देशिका, सूचक र चेकलिस्ट तयार गर्ने,

(ख) अनुगमनको क्रममा देखिएका सवल र कमजोर पक्षहरुको विश्लेषण सहितको सुझाव सम्बन्धित संस्था र नगर स्तरीय जनस्वास्थ्य समिति समक्ष प्रतिवेदन पेश गर्ने,

(ग) गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितताको लागि आवश्यकता अनुसार स्वास्थ्यकर्मीलाई अनुशिक्षण वा तालीमका लागि सिफारिस र सुधारका कार्ययोजना बनाउने,

(घ) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायसँग आवद्ध कर्मचारीहरूलाई कार्यसम्पादन सम्झौताका  आधारमा सहयोगात्मक सुपरिवेक्षण गर्ने,

(ङ) स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्दै आधारभूत स्वास्थ्य सेवामा सबैका लागि पहुँचको सुनिश्चितता कायम गर्ने,

(च) समितिले वार्षिक रुपमा अनुगमनको अवस्था, उपलब्धि, स्वास्थ्य सेवामा सुधार गर्नुपर्ने पक्ष सम्बन्धमा नगरपालिकामा पेश गर्ने,

(छ) स्वास्थ्य अनुगमन तथा गुणस्तर सुनिश्चितता समितिको बैठक सञ्चालन विधि समिति आफैले निर्धारण गरे अनुसारको कार्यविधि बमोजिम हुनेछ।

१६. **स्वास्थ्य संस्था स्तरीय समिति गठन, काम, कर्तव्य र अधिकारः** (१) स्थानीय स्वास्थ्य संस्था सञ्चालन  तथा व्यवस्थापनका लागि देहाय बमोजिम सदस्य रहने गरी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति रहनेछः

(क) सम्बन्धित वडाध्यक्ष वा वडाध्यक्षले तोकेको वडा सदस्य - अध्यक्ष

(ख) स्वास्थ्य क्षेत्रमा क्रियाशील मध्ये नगर प्रमुखले मनोनित गरेको कम्तिमा एक महिला सहित दुई जना - सदस्य

(ग) सम्बन्धित वडाको वडा सचिव - सदस्य

(घ) सम्बन्धित वडाको स्वास्थ्य शिक्षक मध्ये समितिले मनोनयन गरेको एक जना - सदस्य

(ङ) सम्बन्धित वडाको महिला स्वास्थ्य स्वयंसेविका मध्ये समितिले मनोनयन गरेको एक जना - सदस्य

(च) सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख - सदस्य सचिव

(२) स्वास्थ्य संस्था ब्यवस्थापन समितिको काम कर्तब्य र अधिकार निम्नानुसार हुनेछन्ः

(क) आफ्नो स्वास्थ्य संस्थाको योजना बनाई कार्यान्वयन गर्ने गराउने।

(ख) आधारभूत स्वास्थ्य सेवाको पहुँच सुनिस्चित गर्न आवश्यक व्यवस्था मिलाउने।

(ग) स्वास्थ्य संस्थाद्वारा सञ्चालित कार्यक्रमहरुको अनुगमन गर्ने।

(घ) संस्था अन्तर्गतको एम्बुलेन्स सञ्चालन, नियमन तथा अनुगमन गर्ने।

(ङ) स्वास्थ्य संस्थाको आय व्ययको हिसाब दुरुस्त राख्ने।

(च) समितिको नियमित मासिक बैंठक बस्ने र स्वास्थ्य संस्थाको समस्याहरुको समाधानका लागि आवश्यक समन्वय गर्ने।

(छ) वार्षिक समिक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्कनका कार्यहरु गर्ने।

(ज) संघ, प्रदेश र स्थानीय सरकारले सञ्चालन गर्ने स्वास्थ्य सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने।

## परिच्छेद ५

## सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्बन्धी व्यवस्था

**१७. प्रजनन् स्वास्थ्य तथा सुरक्षित मातृत्व सेवाः** (१) नगरपालिकाले संविधान प्रदत्त महिलाको प्रजनन स्वास्थ्य सम्बन्धी हकको सम्मान, संरक्षण र परिपूर्ति गर्न र प्रजनन स्वास्थ्य सेवालाई सुरक्षित, गुणस्तरीय, सर्वसुलभ तथा पहुँचयोग्य बनाउनको लागि आवश्यक नीति एवं रणनीति तयार गरी लागू गर्नेछ।

(२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्वन्धमा आवश्यक परामर्श, गर्भवती तथा प्रसुती सेवा, गर्भनिरोधको सेवा तथा प्रजनन सम्बन्धी रोगको निदान,

उपचार र पोषण सम्बन्धी व्यवस्था प्रचलित कानूनले तोके बमोजिम निशुल्क उपलव्ध गराउने व्यवस्था हुनेछ।

(३) नगरपालिकाले सुरक्षित मातृत्व सेवालाई प्रभावकारी वनाउन तोकिएका स्वास्थ्य संस्थाहरु मार्फत २४ सै घण्टा प्रसुती सेवाका लागि आवश्यक व्यवस्था गर्नेछ।

(४) नगरपालिकाले प्रजनन् स्वास्थ्य तथा सुरक्षित मातृत्व सेवामा सेवाग्राहीको पहुँच तथा उपयोग वढाउन प्रोत्साहनमुलक कार्यक्रमहरु सञ्चालन गर्नेछ।

(५) सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१८. **सुरक्षित गर्भपतन सम्बन्धी सेवाः** (१) प्रत्येक महिलालाई प्रचलित कानून बमोजिम सुरक्षित गर्भपतन गर्न पाउने अधिकार हुनेछ।

(२) सुरक्षित गर्भपतन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ६

## खोप र पोषण सम्बन्धी व्यवस्था

१९. **खोप सेवाः** (१) खोपको माध्यमबाट रोगको रोकथाम, नियन्त्रण, निवारण वा उन्मूलन गरी शिशु, बालबालिका तथा महिला लगायतका व्यक्तिको रुग्णतादर वा मृत्युदर घटाउन तथा खोप सेवाको गुणस्तर वृद्धि र विस्तार गर्नका लागि नगरपालिकाले आवश्यक व्यवस्था मिलाउनेछ।

(२) नेपाल सरकार तथा प्रदेश सरकारले तोके बमोजिमको खोप सेवा तोकिएका स्वास्थ्य संस्था मार्फत निःशुल्क उपलब्ध हुनेछ।

(३) कुनै खोपको शुल्क लिनुपर्ने भएमा तोकिए बमोजिम हुनेछ।

२०. **खोप लगाउनु पर्नेः** (१) नगरपालिकाले कुनै रोगको रोकथाम, नियन्त्रण, निवारण वा उन्मूलन गर्नका लागि अनिवार्य रुपमा खोप लगाउनु पर्ने गरी तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको खोप लगाउनु सम्बन्धित व्यक्ति, अभिभावक वा संरक्षकको कर्तव्य हुनेछ।

(३) कसैले पनि खोप सेवा सञ्चालन सम्बन्धी कुनै कार्यमा कुनै किसिमको बाधा अवरोध गर्नु हुँदैन।

२१. **अनुमति लिनुपर्नेः** (१) खोप सेवा सञ्चालन गर्न चाहने निजी, गैर सरकारी, सामुदायिक सहकारी, स्वास्थ्य संस्थाले तोकिएको निकायबाट अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमति पाएका संस्थाले तोकिएको खोप सेवा निशुल्क उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम अनुमति पाएका संस्थाले तोकिएको निकायमा नियमित रुपले प्रतिवेदन पेश गर्नु पर्नेछ।

२२. **स्तनपान प्रवर्द्धन, संरक्षण र सम्वर्द्धनः** (१) बच्चा जन्मेदेखि ६ महिनासम्म पूर्ण स्तनपान गराउनु आमाको दायित्व हुनेछ।

(२) आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तुलाई निरुत्साहन गर्न नगरपालिकाले प्रचलित कानून बमोजिम आवश्यक नियन्त्रणको व्यवस्था गर्नेछ।

२३. **गुणस्तर कायम गर्नु पर्नेः** (१) कुनै पनि प्रकृतिका खाद्य पदार्थ, खानेपानी वा औषधीजन्य लगायतका पदार्थको उत्पादन भण्डारण वा विक्री वितरणमा तोकिए बमोजिमको गुणस्तर मापदण्ड कायम गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गुणस्तर कायम नगरी बिक्री वितरण गरेर स्वास्थ्यमा प्रतिकूल असर परेमा सोको क्षतिपूर्ति प्रचलित कानून बमोजिम स्वदेशी उत्पादकका हकमा उत्पादक र विक्रेता दुवैले र विदेशी उत्पादकका हकमा विक्रेताले व्यहोर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम गुणस्तर तथा मापदण्ड कायम भए नभएको सम्बन्धमा नगरपालिकाले तोकेको निकायले अनुगमन गर्नेछ।

## परिच्छेद ७

## आपतकालिन स्वास्थ्य सेवा, महामारी तथा संक्रामक रोग सम्बन्धी व्यवस्था

२४. **आपतकालीन स्वास्थ्य सेवाको व्यवस्थापनः** (१) नगरपालिकाले प्रत्येक वर्ष विपद एवं जनस्वास्थ्य संकटको पूर्व तयारी तथा प्रतिकार्य योजनाको तयारी र त्यसको लागि बजेट व्यवस्थापन गर्नेछ।

(२) विपद् एवं जनस्वास्थ्य संकटको अवस्थामा तत्कालै स्वास्थ्य सेवा उपलब्ध गराउन द्रुत प्रतिकार्य टोली तथा आपतकालीन चिकित्सकीय समूह गठन गरी परिचालनका लागि पूर्व तयारी गर्नेछ।

(३) नगरपालिकाले महामारी वा विपद्को अवस्थामा प्रचलित कानूनको अधीनमा रही स्थानीय प्रशासनको समन्वयमा निश्चित समयावधिका लागि जनस्वास्थ्य संकटको अवस्था घोषणा गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिमको अवस्थाको घोषणा सम्बन्धी जानकारी स्थानीय प्रशासनलाई पत्राचार र सरोकारवाला सबैका लागि सार्वजनिक संचार माध्यम मार्फत गराउनेछ।

(५) विपद् एवं जनस्वास्थ्य संकटको अवस्थामा वहुपक्षिय समन्वय र सहकार्यकोलागी दफा ५४ अनुसार गठित नगर जनस्वास्थ्य समितिलाई सक्रिय बनाईनेछ।

(६) उपदफा (२) बमोजिम द्रुत प्रतिकार्य टोली तथा आपतकालीन चिकित्सकिय समुहको परिचालन तथा श्रोत व्यवस्थापन सम्वन्धमा कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(७) उपदफा (३) बमोजिमको जनस्वास्थ्य संकटको अवस्थामा पालना गर्नु पर्ने नियम तथा कार्यहरु नगरपालिकाले तोके अनुसार हुनेछ।

(८) नगरपालिकाले विपद् एवं जनस्वास्थ्य संकटको अवस्थामा सङ्घीय स्वास्थ्य आपतकालीन केन्द्र र प्रादेशिक स्वास्थ्य आपतकालीन केन्द्रको समन्वय र सहयोगमा कार्य सञ्चालन गर्नेछ।

२५. **महामारी तथा संक्रामक रोगको व्यवस्थाः** (१) स्थानीय स्वास्थ्य संस्थामा कुनै संक्रामक रोगको प्रकोप सामान्य भन्दा धेरै वा नौलो प्रकृतिको देखिएमा महामारीको आशंका गरी सम्बन्धित स्वास्थ्य संस्थाले तत्काल सो को जानकारी नगरपालिकामा गराउनु पर्नेछ।

(२) नगरपालिकाको स्वास्थ्य शाखाले संक्रामक रोगको प्रकोपको अध्ययन गरी तत्काल जिल्ला स्वास्थ्य कार्यालय, प्रदेशमा स्वास्थ्य हेर्ने मन्त्रालय र इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखामा जानकारी दिनु पर्नेछ।

(३) स्थानीय स्तरमा सरुवा रोगको महामारी फैलिएमा नगरपालिकाले सो को प्रभाव क्षेत्र निक्र्यौल गरी रोकथाम र नियन्त्रणका कार्यहरु गर्नु पर्नेछ।

(४) महामारीको बेलामा प्रकोपको तह र अवस्था हेरी नगरपालिकाले स्थानीय प्रशासनसँगको समन्वयमा निश्चित समयको लागि निश्चित क्षेत्रमा पूर्ण वा आंशिकरुपमा वन्दावंदीको (लकडाउन) घोषणा गर्न सक्नेछ।

(५) उपदफा (४) को अवस्थामा गर्नु पर्ने कार्यहरु नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(६) महामारी नियन्त्रणकालागि नगर भित्रका सरकारी अस्पताल, गैर सरकारी तथा निजी अस्पताल, जिल्ला स्वास्थ्य कार्यालय र अन्य सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ।

(७) सरुवा तथा महामारी रोगको रोकथाम तथा व्यवस्थापनको लागि नगरपालिकाले आव्हान गरेको अवस्थामा निर्देशनको पालना गर्नु, स्वास्थ्य परीक्षण गर्नु, गराउनु र उपचार सेवामा संग्लग्न हुनु सबै नागरिकको कर्तब्य हुनेछ।

(८) महामारीको समयमा नगर क्षेत्र भित्रका स्वास्थ्य संस्थाहरुले नियमितरुपमा स्वास्थ्य सेवा सञ्चालन  गर्नु पर्नेछ।

(९) महामारीको रोकथाम, नियन्त्रण, उपचार तथा व्यवस्थापन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके बमोजिमको हुनेछ।

२६. **जनस्वास्थ्य सर्भिलेन्स सम्बन्धी व्यवस्थाः** नगरपालिकाले बिभिन्न रोग तथा महामारीको अवस्था तथा असर सम्बन्धी अध्ययन, वातावरणीय स्वास्थ्यको अवस्था र गुणस्तर लगायत अध्ययन तथा अनुसन्धान गर्न नियमित निरीक्षण, अनुगमन, नियमन तथा निगरानीका लागि तोके बमोजिमको व्यवस्था गर्नेछ।

## परिच्छेद ८

## जनस्वास्थ्य प्रवर्द्धन तथा वातावरणीय स्वास्थ्य सम्बन्धी व्यवस्था

२७. **जनस्वास्थ्य प्रवर्द्धनः** (१) खाद्यान्न, तरकारी, फलफूल, दुग्धजन्य, मासुजन्य, पिउनेपानी लगायतका उपभोग्य वस्तुहरुलाई स्वच्छ र गुणस्तरीय बनाउनका लागि त्यसको उत्पादन, भण्डारण तथा बिक्री वितरण सम्बन्धमा नगरपालिकाले न्यूनतम गुणस्तर मापदण्ड तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गुणस्तर कायम नगरी बिक्री वितरण गरेर स्वास्थ्यमा प्रतिकूल असर देखा परेको प्रमाणित भएमा सोको क्षतिपूर्ति स्वदेशी उत्पादकको हकमा उत्पादक र बिक्रेता तथा विदेशी उत्पादकको हकमा आयातकर्ता र बिक्रेतालाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

(३) जनस्वास्थ्यलाई प्रभावित पार्ने कुनै पनि किसिमको विज्ञापन तथा प्रचार-प्रसारलाई नियमन र नियन्त्रण गर्न नगरपालिकाले आवश्यक कार्यविधि बनाई लागु गर्न सक्नेछ।

(४) नगरपालिकाले स्वस्थ, सक्षम र उत्पादनशील नागरिक विकास गर्न तथा स्वास्थ्यको दिगो विकास गर्न सरकारी, गैरसरकारी, सामुदायिक, सहकारी तथा निजी संघ संस्थाहरुसँग सहकार्य तथा समन्वय गरी जनस्वास्थ्य प्रवर्द्धन अभियान सञ्चालन गर्न सक्नेछ।

(५) जनस्वास्थ्य प्रवर्द्धनका लागि नगरपालिका क्षेत्रमा रहेका रणनीतिक स्थानहरुमा योग तथा व्यायामशाला, खुल्ला स्थान तथा खेल मैदान, हरित उद्यान, सार्वजनिक शौचालय लगायतका संरचनाहरुको स्थापना र सञ्चालन तोकिए बमोजिम हुनेछ।

(६) नगरपालिकाले पेशागत स्वास्थ्य सुरक्षालाई व्यवस्थित र मर्यादित बनाउन, तालिम सञ्चालन र अन्य सुरक्षाका उपायहरु अवलम्बन गर्न आवश्यक व्यवस्था गर्नेछ।

(७) जनस्वास्थ्य प्रवर्द्धनका कार्यहरुको नियमित अनुगमन र पृष्ठपोषणका लागि दफा १४ अनुसार गठित नगर जनस्वास्थ्य समितिबाट हुनेछ।

(८) जनस्वास्थ्य प्रवर्द्धनको लागि विद्यालय स्वास्थ्य सेवा कार्यक्रम नियमित रुपमा सञ्चालन गरिनेछ।

(९) उपदफा (७) बमोजिमको कार्य गर्नको लागि विद्यालयले सम्बन्धित वडामा रहेको स्वास्थ्य संस्थासँग समन्वय र सहकार्य गर्नु पर्नेछ।

(१०) उपदफा (७) र (८) बमोजिमको कार्यका लागि बजेट तथा नियमित अनुगमन र मूल्यांकनका लागि आवश्यक व्यवस्थापन नगरपालिकाले गर्नेछ।

(११) पशुपंक्षी तथा जनावरहरुमा अत्याधिक मात्रामा प्रयोग भइरहेको प्रतिजैविक औषधीकोकारण मानव स्वास्थ्यमा पर्न गएको प्रतिजैविक प्रतिरोध (Antimicrobial Resistance) लाई नियन्त्रण गर्नको लागि चेतनामुलक कार्यक्रम सञ्चालन गर्नुका साथै यस सम्बन्धी नियमनको व्यवस्था तोकिए अनुसार हुनेछ।

(१२) आयुर्वेद स्वास्थ्य केन्द्रको नेतृत्वमा समुदायस्तरमा नागरिक आरोग्य अभियान नियमितरुपमा सञ्चालन गरिनेछ।

२८. **वातावरणीय स्वास्थ्यः** (१) स्वस्थ्य नगरपालिकाको अवधारणा अनुरुप ध्वनि, वायु, माटो, जलवायु परिवर्तन तथा जलप्रदुषणले जनस्वास्थ्यमा पार्ने प्रभावलाई न्यूनीकरण गर्न नगरपालिकाले आवश्यक मापदण्ड बनाई लागु गर्नेछ ।

(२) उपदफा (१) अनुसार गरिने क्रियाकलापहरुको नियमितरुपमा अनुगमन र मुल्यांकन गरिने र सोबाट प्राप्त पृष्ठपोषण सहितको प्रतिवेदन नगरपालिकाले तयार गरी नगर जनस्वास्थ्य समिति समक्ष वार्षिक रुपमा पेश गर्नु पर्नेछ ।

२९. **फोहरमैला व्यवस्थापनः** (१) नगरपालिकाले प्रचलित कानुनको आधारमा नगरको फोहरमैला व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउनेछ।

(२) स्वास्थ्यजन्य फोहोरमैला संकलन, वर्गीकरण, प्रशोधन, विसर्जनका साथै यसको नियमनकारी व्यवस्था तोकिए बमोजिम हुनेछ र नतोकिए सम्म सङ्घीय सरकारद्वारा जारी प्रचलित निर्देशिका बमोजिम कार्यसञ्चालन हुनेछ।

(३) आफ्नो स्वास्थ्य संस्थाबाट उत्पन्न हुने स्वास्थ्यजन्य फोहोरमैला तोकिएको मापदण्ड अनुरुप व्यवस्थापन गर्नु सम्बन्धित सबै संस्थाहरुको दायित्व हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि अस्पताल लगायतका स्वास्थ्य संस्थाले नगरपालिकाको केन्द्रिय फोहर प्रशोधन केन्द्रसँग समन्वय र सम्झौता गरी स्वास्थ्यजन्य फोहरलाई जोखिम रहित बनाई अन्तिम बिसर्जन गर्नु पर्नेछ।

३०. **सूर्तीजन्य तथा मदिराजन्य पदार्थको नियमनः** (१) सुर्तिजन्य तथा मदिराजन्य पदार्थको प्याकेट तथा बाहिरी खोल (र्‍यापर्स) को बनावट, बिक्रि वितरण, प्रवर्द्धन तथा विज्ञापन, प्रचार-प्रसार, प्रदर्शन तथा सूचना प्रायोजन गर्न पाइने छैन। सो सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(२) सूर्तीजन्य तथा मदिराजन्य पदार्थ बिक्रि वितरणको लागि बिक्रेताले नगरपालिकाबाट अनुमति लिनु पर्नेछ।

(३) खाद्य पदार्थ बिक्रि गर्ने खुद्रा तथा थोक पसलमा सूर्तीजन्य तथा मदिराजन्य पदार्थ बिक्रि वितरण गर्न बन्देज गरिनेछ।

(४) अठार बर्ष पुरा नभएका व्यक्ति र गर्भवती महिलालाई सूर्तीजन्य र मदिराजन्य वस्तुको बिक्रि वितरण तथा ओसार पोसार गर्न र गराउनका लागि बन्देज गरिनेछ।

(५) नगरपालिकाले सूर्तीजन्य र मदिराजन्य वस्तुको बिक्री वितरण र प्रयोगमा नियन्त्रण गर्नका लागि निषेधित क्षेत्र तोक्न सक्नेछ।

(६) सूर्तीजन्य र मदिराजन्य पदार्थको बारेमा नागरिकलाई दिग्भ्रमित पार्ने मिथ्या प्रकृतिका विज्ञापनमा बन्देज गरिनेछ।

(७) सर्तीजन्य र मदिराजन्य पदार्थको नियमन सम्बन्धी थप व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

३१. **नसर्ने तथा मानसिक रोगको रोकथामः** (१) नसर्ने तथा मानसिक रोगको रोकथाम तथा व्यवस्थापनको लागि स्वास्थ्य परीक्षण गर्नु गराउनु सबै व्यक्तिको कर्तव्य हुनेछ।

(२) नगरपालिकाले नसर्ने तथा मानसिक रोग सम्बन्धी बिशेष प्याकेजको निर्माण गरी नसर्ने तथा मानसिक रोगको रोकथाम तथा नियन्त्रणका लागि जनस्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नका साथै आवश्यक व्यवस्थापन गर्न सक्नेछ।

(३) नसर्ने तथा मानसिक रोगहरुको रोकथाम, नियन्त्रण, उपचार तथा व्यवस्थापन सम्बन्धी थप व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिम नसर्ने तथा मानसिक रोगको रोकथाम तथा व्यवस्थापनको लागि स्वास्थ्य परीक्षण सेवा सञ्चालन गर्न चाहने निजी, गैर सरकारी, सामुदायिक, सहकारी, स्वास्थ्य संस्थाले नगरपालिकाबाट अनुमति लिनु पर्नेछ।

## परिच्छेद ९

## स्वास्थ्य सेवामा सहयोगी व्यवस्थापन

**३२. अभिलेखीकरण तथा प्रतिवेदनः** (१) स्वास्थ्य संस्थाबाट सेवा लिएका हरेक सेवाग्राहीको अभिलेख सुरक्षित रुपमा राख्ने र तोकिएको निकायमा सेवा सम्बन्धी विवरण एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली मार्फत मासिक रुपमा प्रतिवेदन गर्नु पर्नेछ।

(२) नगरपालिका तथा सम्बन्धित निकायले नियम सँगत माग गरेको अवस्थामा तोकिएका विवरण माग गर्ने निकायमा पेश गर्नु सम्बन्धित संस्थाको जिम्मेवारी हुनेछ।

(३) स्वास्थ्य सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्न आधिकारिक तथ्याङ्क, सूचकाङ्क तथा सूचनाहरुको उपयोग गरिनेछ।

(४) स्वास्थ्य सम्बन्धी सूचनाको प्रवाहको लागि एकीकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली सम्बन्धित निकायसँगको समन्वयमा सञ्चालन र आवश्यकता अनुसार परिमार्जन गरिनेछ।

(५) स्वास्थ्य सम्बन्धी तथ्याङ्कको भण्डारण, सूचना र सञ्चारको बस्तुनिष्ट, पहुँच योग्य, भरपर्दो र प्रविधिमैत्री सम्बन्धी व्यवस्था सङ्घीय मापदण्ड बमोजिम हुनेछ।

**३३. प्रयोगशाला सेवाः** (१) आधारभूत अस्पतालमा प्रयोगशाला सेवा स्थापना, विस्तार तथा सञ्चालन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै लेखिएको भए तापनि स्थानीय आवश्यकता र उपलब्ध श्रोतको आधारमा स्वास्थ्य संस्थामा प्रयोगशाला सेवा स्थापना, विस्तार तथा सञ्चालन गरिनेछ।

(३) प्रयोगशालाको व्यवस्थापन तथा सञ्चालनको कार्य सम्बन्धित आधारभूत अस्पताल वा स्वास्थ्य संस्था व्यवस्थापन समितिबाट हुनेछ।

**३४. रेडियोलोजी सेवाः** (१) आधारभूत अस्पतालमा रेडियोलोजी सेवा स्थापना, विस्तार तथा सञ्चालन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको रेडियोलोजी सेवाको व्यवस्थापन तथा सञ्चालन सम्बन्धित आधारभूत अस्पताल व्यवस्थापन समितिबाट हुनेछ।

**३५. औषधी तथा स्वास्थ्य जन्य सामाग्रीको खरिद तथा भण्डारणः** (१) नगरपालिकाको खरिद समिति/इकाइले वार्षिक रुपमा स्वास्थ्य संस्थाहरुमा आवश्यक पर्ने गुणस्तरीय औषधी र स्वास्थ्यजन्य सामाग्रीहरुको खरिद तथा व्यवस्थापनका लागि वार्षिक खरिद योजना बनाउनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले स्वास्थ्य सामाग्रीहरु सहितको खरिद गुरूयोजना तयार गरी लागु गर्न सक्नेछ।

(३) आधारभूत अस्पताल र अन्य स्वास्थ्य संस्थाको खरिद योजना नगरपालिकाबाट स्वीकृत गराउनु पर्नेछ।

(४) प्रचलित कानूनको परिधिभित्र रही वार्षिक खरिद योजना अनुसार औषधी तथा स्वास्थ्यजन्य समाग्रीहरुको निरन्तर उपलव्ध हुने गरी खरिद कार्य गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम खरिद गरेको उपकरण र औषधीको कूल परिमाण र मूल्य सहितको विवरण खरिद गरेको संस्थाले खरिद गरेको मितिले पन्ध्र दिन भित्र सार्वजनिक गर्नु पर्नेछ।

(६) सम्बन्धित स्वास्थ्य संस्थाले प्राप्त गरेको उपकरण र औषधीहरुको विवरण त्रैमासिक रुपमा सार्वजनिक गर्ने र त्यसको एक प्रति विवरण नगरपालिकामा बुझाउनु पर्नेछ।

(७) कुनै पनि स्वास्थ्य संस्थामा खपत हुन नसकेको औषधीको विवरण सम्बन्धित स्वास्थ्य संस्थाले तत्काल नगरपालिकालाई जानकारी गराउनु पर्नेछ।

(८) उपदफा (७) बमोजिम प्राप्त भएका औषधीहरु प्रयोग गर्न सकिने अन्य स्वास्थ्य संस्थामा पठाई व्यवस्थापन गर्नु नगरपालिका जनस्वास्थ्य शाखाको जिम्मेवारी हुनेछ।

(९) आपतकालीन अवस्थामा स्वास्थ्य संस्थाहरुमा आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक पर्ने औषधी तथा स्वास्थ्यजन्य सामाग्रीहरुको अतिरिक्त मौज्दात (Buffer Stock) का लागि निरन्तर सोधभर्नाको व्यवस्था गर्नु पर्नेछ।

(१०) औषधी, स्वास्थ्यजन्य सामग्री र खोपको भण्डारण सम्बन्धि व्यवस्था प्रचलित मापदण्ड बमोजिम गर्नु पर्नेछ।

**३६. स्वास्थ्य पूर्वाधार र मापदण्डः** (१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेका स्वास्थ्य संस्था र उपलव्ध भौतिक पूर्वाधारको संरक्षण र सम्बर्द्धन गर्नेछ।

(२) नेपाल सरकारको स्वास्थ्य संस्था वर्गीकरण एवं प्रचलित मापदण्डको प्रतिकूल नहुने गरी कार्यपालिकाले जलवायु तथा स्वास्थ्य अनुकुलन हुने गरी न्युनतम पूर्वाधार मापदण्ड बनाउन सक्नेछ।

(३) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेका स्वास्थ्य संस्थाहरुमा उपदफा (२) बमोजिमको मापदण्ड अनुसार स्वास्थ्य संस्थाको पूर्वाधार निर्माण, विस्तार र मर्मतका कार्य गर्नुका साथै औजार तथा उपकरणको व्यवस्था र दैनिक स्वास्थ्य संस्था सञ्चालनका लागी

आवश्यक पानी, बिजुली, इन्टरनेट लगायतका सहयोगी सेवाहरु सङ्घीय न्युनतम सेवा मापदण्डमा तोकिए बमोजिम हुनेछ।

**३७. एम्बुलेन्स र शव वाहनको व्यवस्थाः** (१) नगरपालिकाले आधारभूत अस्पतालमा एम्बुलेन्स र शववाहनको व्यवस्था गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले आवश्यकताको आधारमा अन्य स्वास्थ्य संस्थामा पनि एम्बुलेन्स सेवा विस्तार गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको एम्बुलेन्स र शववाहन सेवाको व्यवस्थापन कार्य आधारभूत अस्पताल व्यवस्थापन समिति वा सम्बन्धित स्वास्थ्य संस्था व्यवस्थापन समितिको हुनेछ।

(४) नगरपालिकाले शववाहन, एम्बुलेन्स, दमकल जस्ता आकस्मिक सवारी साधन सञ्चालन को लागी अन्य स्थानीय तह तथा निकायसँग सहकार्य र साझेदारी गर्न सक्नेछ।

(५) शववाहन सञ्चालन सम्बन्धी व्यवस्था कार्यपालिकाको निर्णय वा कार्यविधि बमोजिम हुनेछ।

## परिच्छेद १०

## स्वास्थ्य सेवाको गुणस्तर र सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था

**३८. स्वास्थ्य सेवाको गुणस्तर :** (१) नगरपालिकाले स्थानीय सरकार अन्तर्गत सञ्चालित स्वास्थ्य सेवाको गुणस्तर सम्बन्धमा नियमित रुपमा नियमन गर्नेछ।

(२) उपदफा (१) बमोजिम गुणस्तर नियमन गर्दा न्युनतम स्वास्थ्य सेवा मापदण्ड र राष्ट्रिय चिकित्सा मापदण्ड अनुरुप सञ्चालन गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको कार्य नगर स्वास्थ्य अनुगमन तथा गुणस्तर सुनिश्चितता समिति मार्फत हुनेछ।

**३९. सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमको व्यवस्थापनः** (१) नगरपालिकाले सामाजिक स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक सहजीकरण, जनचेतना अभिवृद्धि र दर्ता अभियान सञ्चालन गर्न सक्नेछ।

(२) नगर क्षेत्र भित्रका लक्षित वर्ग विशेषका लागि बीमाको योगदान रकममा सहयोग गर्न सक्नेछ।

(३) नगरपालिकाले अन्य सामाजिक सुरक्षाका कार्यक्रमहरु आवश्यकता र साधन, श्रोतको उपलब्धताका आधारमा लागु गर्न सक्नेछ।

(४) उपदफा (३) अनुसारको थप सामाजिक सुरक्षा कार्यक्रम सञ्चालनका लागि सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गर्न सक्नेछ।

## परिच्छेद ११

## स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा नवीकरण मापदण्ड

**४०. स्वास्थ्य संस्था स्थापना र सञ्चालनः** (१) नेपाल सरकारद्वारा जारी भएको मापदण्डको आधारमा नगरपालिकाले स्थानीय तहको आवश्यकतालाई सम्बोधन हुने गरी स्थानीय स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा नवीकरण सम्बन्धि मापदण्ड लागु गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड पुरा गरी नगरपालिकामा कम्तिमा एकवटा आधारभूत अस्पताल र प्रत्येक वडामा कम्तिमा एउटा स्वास्थ्य संस्था रहनेगरी स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम स्थापना भएको आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापनको लागी नगर कार्यपालिकाले छुटै कार्याविधि जारी गरी कार्यान्वयनमा ल्याउन सक्नेछ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय आवश्यकता र उपलब्ध श्रोतको आधारमा एक वा सो भन्दा बढी आधारभूत अस्पताल वा अन्य स्वास्थ्य संस्था सञ्चालन गर्न बाधा पुग्ने छैन।

(५) उपदफा (१), (२), र (३) अनुसारका प्रावधानहरु कार्यान्वयन गर्नका लागि हाल सञ्चालन मा रहेका स्वास्थ्य संस्थाको स्तरोन्नती, नयाँ स्थापना वा क्षेत्र स्थानान्तरण गरी सञ्चालन गर्न सक्नेछ।

(६) नगरक्षेत्र भित्र जडीबुटी, प्राकृतिक चिकित्सा, योग, ध्यान लगायतका प्रवर्द्धनात्मक र बैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा विभिन्न ट्रष्टहरुसँगको साझेदारीमा वा नगरपालिकाले आयुर्वेद र प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ।

(७) आयुर्वेद, युनानी, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा तथा संस्था सम्बन्धी दर्ता अनुमति, कार्यान्वयन, सञ्चालन, अनुगमन र नियमन सम्बन्धी मापदण्ड तोकिए बमोजिम हुनेछ।

(८) बसाइ सराइले सेवाग्राहीको संख्या अत्यन्त न्यून भएका स्थानमा रहेका स्वास्थ्य संस्थाको संरचना सानो गराउने वा अन्यत्र गाभ्ने वा क्षेत्र स्थानान्तरण गर्न सक्नेछ।

**४१. निजी तथा गैर सरकारी स्वास्थ्य संस्थाको स्थापना र सञ्चालनः** (१) नगरक्षेत्र भित्र निजी, ट्रष्ट, लोक कल्याणकारी वा सामुदायिक वा गुठी लगायतका संस्थाद्वारा अस्पताल सञ्चालन गर्न

चाहेमा पन्ध्र शैयासम्मको अस्पताल तथा स्वास्थ्य केन्द्रको स्थापना र सञ्चालनको अनुमति नगरपालिकाले दिन सक्नेछ।

(२) नगरक्षेत्र भित्र कुनै पनि किसिमको स्वास्थ्य संस्था सञ्चालन गर्नका लागि सम्बन्धित वडाको सिफारिस अनिवार्य रुपमा लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण, खारेजी र अन्य व्यवस्थाका लागि नगरपालिकाद्वारा मापदण्ड जारी गरिनेछ सो नहुँदासम्म सङ्घीय सरकारबाट जारी मापदण्ड बमोजिम हुनेछ।

४२. **निजी शिक्षण अस्पताल र अस्पताल सञ्चालनका लागि सिफारिसः** (१) नगरक्षेत्र भित्रका सङ्घीय वा प्रादेशिक सरकारको मापदण्ड अनुरुप निजीस्तरबाट शिक्षण अस्पताल तथा स्वास्थ्य विज्ञान अध्ययन संस्थान, अस्पताल वा निदान केन्द्र स्थापनाका लागि सम्बन्धित वडाको सिफारिस लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सिफारिस लिँदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय क्षेत्रमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनीकरणका लागि कार्यक्रम र बजेट प्रस्ताव गरेको हुनु पर्नेछ।

४३. **सामुदायिक उत्तरदायित्वको व्यवस्थाः** (१) सामुदायिक, निजी, सहकारी, ट्रष्ट वा लोककल्याणकारी संस्थाद्वारा सञ्चालित अस्पतालले कम्तिमा दश प्रतिसत शैया निःशुल्क सेवाको लागि उपलब्ध गराउनु पर्नेछ, साथै प्रत्येक वर्ष कम्तिमा एक पटक समुदाय स्तरमा स्वास्थ्य जनचेतनाका कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम छुट्याईएको शैयामा गरिब, विपन्न, असहाय, अपाङ्ग, सीमान्तकृत लगायतका सेवाग्राहीहरुलाई निजको अवस्थाको परिचय खुल्ने प्रमाण पत्रका आधारमा निःशुल्क सेवा प्रदान गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रमाणपत्र नभएमा सेवाग्राहीको सम्बन्धित वडाको सिफारिसका आधारमा सेवा प्रदान गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम दिइएको सेवाको लिखित विवरण मासिक रुपमा नगरपालिकामा पेश गर्नु पर्नेछ।

## परिच्छेद १२

## स्वास्थ्य जनशक्तिको व्यवस्थापन

४४. **स्वास्थ्य जनशक्तिः** (१) नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य सेवा प्रदान गर्नका लागि देहाय अनुसारका स्वास्थ्य जनशक्ति र स्वयंसेवक रहने छन्ः-

(क) नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका वा प्रदेश लोक सेवा आयोग मार्फत सिफारिस भई नगरपालिकामा पदस्थापन भएका स्थायी स्वास्थ्यकर्मीहरु,

(ख) आवश्यकताका आधारमा निश्चित काम र निश्चित समयकालागि विभिन्न स्रोतबाट करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु,

(ग) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका/स्वास्थ्य सहजकर्ता/स्वास्थ्य स्वयंसेवकहरु।

(२) नगरपालिकाले स्वास्थ्य जनशक्तिको क्षमता विकासका लागि तालिम, नियमित अनुशिक्षण, अवलोकन भ्रमण जस्ता कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

४५. **पदपूर्तिः** (१) नगरपालिका स्वास्थ्य सेवाका स्थायी कर्मचारीहरु स्थानीय सेवा सम्बन्धी ऐन बमोजिम प्रदेश लोक सेवा आयोगबाट पदपूर्ति हुनेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय सेवा सम्वन्धी ऐन नबने सम्म प्रचलित कानून बमोजिम स्वीकृत संरचना अनुरुपको आवश्यक जनशक्ति नगरपालिकाको अनुरोधमा प्रदेश लोक सेवा आयोगबाट पदपूर्ति गर्न बाधा पर्ने छैन।

(३) नगरपालिकाले स्वीकृत दरबन्दीमा स्थायी पदपूर्ति नभएसम्मका लागी नगरपालिकाको करार सेवा नियुक्ति सम्बन्धि प्रचलित कानुन बमोजिम स्वास्थ्य सेवाका कर्मचारीहरुको करार सेवामा पदपूर्ति गर्न सक्नेछ।

४६. **सरुवा गर्न सक्नेः** (१) नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा कम्तिमा दुई वर्ष भन्दा बढी कार्यरत स्वास्थ्य सेवाका कर्मचारीहरुलाई एउटा स्वास्थ्य संस्थाबाट अर्को स्वास्थ्य संस्थाको समान पदमा सरुवा गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वास्थ्य सेवालाई व्यवस्थित गर्न कर्मचारीको सरुवा नगरपालिकाको आवश्यकता अनुसार हुनेछ।

४७. **काजमा खटाउन सक्नेः** (१) नगरपालिका भित्र स्वास्थ्य सेवालाई व्यवस्थित गर्नका लागि मातहतको कुनै स्थायी कर्मचारीलाई अर्को स्वास्थ्य संस्थामा समयावधि तोकी कामकाज गर्न खटाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम काजमा खटाउदा कर्मचारी कार्यरत स्वास्थ्य संस्थाबाट प्रदान हुने स्वास्थ्य सेवालाई प्रतिकूल प्रभाव पर्ने गरी गर्नु हुनेछैन।

४८. **विशेष पदको सिर्जनाः** (१) नगरपालिकाले देहायको अवस्थामा विशेष पदको सिर्जना गर्न सक्नेछः

(क) कुनै कर्मचारी नगरपालिकाको स्वीकृतिमा छात्रवृत्ति प्राप्त गरी अध्ययन बिदामा बसेमा,

(ख) तिन महिना भन्दा लामो अवधिको तालिममा खाटिएमा,

(ग) कुनै कर्मचारीले तिन महिना भन्दा लामो विदा लिइ बसेमा,

(घ) नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाको संगठन संरचना तयार गर्दा फाजिल परेको कर्मचारीको पदाधिकार कायम गर्नु परेमा,

(ङ) स्वास्थ्य आपतकालीन अवस्था परेको समयमा।

(२) उपदफा (१) खण्ड (घ) बाहेकको अवस्था विद्यमान नरहेमा त्यसरी सिर्जना भएको पद स्वतः खारेज हुने र सो पदमा कार्यरत कर्मचारी स्वतः पदमुक्त हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विपद वा जनस्वास्थ्य आपतकालीन अवस्थामा र आधारभूत स्वास्थ्य सेवा विस्तार गर्नका लागि अतिरिक्त स्वास्थ्य जनशक्ति एवं जनस्वास्थ्य विज्ञ करारमा थप गर्न बाधा पुर्याएको मानिने छैन।

४९. **कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्थाः** (१) नगरपालिका अन्तर्गतका स्वास्थ्यकर्मीको सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था स्थानीय सेवा ऐनले तोके अनुसार हुनेछ।

(२) करार सेवामा कार्यरत स्वास्थ्यकर्मीको तलव र सेवा सुविधा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्य बोझको प्रकृति हेरी स्वास्थ्यकर्मीलाई उत्प्रेरित गर्न, अतिरिक्त सुविधा प्रदान गर्न तथा तोकिएको जिम्मेवारी पुरा नगर्ने कर्मचारीलाई प्रचलित कानून अनुसार कारवाही गर्न यस ऐनले बाधा पुर्याएको मानिने छैन।

५०. **कार्य सम्पादन करारः** (१) स्वास्थ्य सेवालाई प्रभावकारी बनाउनका लागि नगरपालिकाले प्रत्येक कर्मचारीसँग छुट्टा छुट्टै कार्य सम्पादन करार सम्झौता गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कर्मचारीको वार्षिक कार्य सम्पादन करारका लागि सूचकहरु बनाई कार्यपालिकाबाट स्वीकृत सूचकका आधारमा कर्मचारीहरुको वार्षिक कार्य सम्पादनको मुल्यांकन गरिनेछ।

(३) नगरपालिका अन्तर्गत कार्यरत सेवा करारका कर्मचारीलाई अनुगमन प्रतिवेदनका आधारमा सेवालाई नियमित गर्न वा नगर्न सकिनेछ।

(४) उपदफा (१) बमोजिमको सूचकको आधारमा प्रमुख प्रशासकीय अधिकृतसँग स्वास्थ्य शाखा प्रमुख तथा आधारभूत अस्पताल प्रमुखले र स्वास्थ्य शाखा प्रमुखसँग अन्य कर्मचारीहरुले वार्षिक रुपमा कार्य सम्पादन करार सम्झौता गर्नु पर्नेछ।

**५१. पदीय आचरण र अन्य व्यवस्थाः** (१) स्वास्थ्य सेवाका कर्मचारीहरुले जिम्मेवारी अनुसारको पदीय आचरण र दायित्व अनिवार्य रुपमा पालना गर्नु पर्नेछ। सो आचरणहरु उल्लङ्घन तथा निम्नानुसारका कार्यहरु गरेमा प्रचलित कानुनमा तोकिए बमोजिमका विभागीय कारबाही हुनेछ।

(क) विना सूचना लगातार नब्बे दिन वा सो भन्दा बढी समय तोकिएको कार्यालयमा अनुपस्थित भएमा,

(ख) कार्यालयमा धुम्रपान तथा मध्यपान सेवन गरेको प्रमाणीत भएमा,

(ग) नैतिक पतन देखि फौजदारी अभियोग सम्मको कसूरमा अदालतबाट दोषी ठहर भएमा,

(घ) फार्मेसी सञ्चालन वा अन्य स्वास्थ्य सम्बन्धि व्यवसायिक क्रियाकलाप वा कार्यालय समयमा

(ङ) अन्यत्र सेवामा संलग्न भएमा,

(च) व्यवसायिक हकहितका नाममा सूक्ष्म रुपमा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने र कार्यालयको समयमा राजनैतिक सँगठनका गतिविधिमा संलग्न भएमा,

(२) उपदफा (१) बमोजिमको कर्मचारी ट्रेड युनियन सम्बन्धी व्यवस्था सङ्घीय तथा प्रदेश कानून बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिम कुनै पनि स्वास्थ्यकर्मीलाई पदबाट हटाउनु अघि निजलाई मनासिव माफिकको सफाईको मौका दिनु पर्नेछ।

**५२. तलव भत्ता नपाउने वा सेवा अवधि गणना नहुनेः** (१) कुनै पनि स्वास्थ्य सेवाका कर्मचारीले आफु कार्यरत रहेको स्वास्थ्य संस्थामा उपस्थित भइ कार्य गर्न नसक्ने अवस्था भएमा नियमानुसार बिदा स्वीकृत गराई बिदामा बस्नु पर्नेछ ।

(२) उपदफा (१) विपरित बिदा स्वीकृत नगराई बसेको अवस्थामा स्वास्थ्य सेवाका कर्मचारीले अनुपस्थित अवधिको तलव, भत्ता तथा अन्य सुविधा पाउने छैन र सो अवधि समेत सेवामा गणना हुनेछैन ।

**५३. स्थायी आवासीय अनुमति लिन नहुने:** (१) नगरपालिकाको स्वामित्व रहेको स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीले अन्य देशको स्थायी आवासीय अनुमति लिन पाईने छैन।

(२) उपदफा (१) अनुसार स्थायी आवासीय अनुमति लिएका कर्मचारीलाई सेवावाट बरखास्त गरी प्रचलित कानून बमोजिम विभागीय कारबाही र सजाय हुनेछ।

**५४. स्थायी कर्मचारीका सम्बन्धमाः** स्थायी कर्मचारी सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद १३

## महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सम्बन्धी व्यवस्था

**५५. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सम्बन्धी व्यवस्थाः** (१) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका सम्बन्धी व्यवस्था सेवा सुविधा लगायत सबै व्यवस्था सङ्घीय सरकारले तोके बमोजिम हुनेछ।

(२) नगरपालिकाले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको कामलाई उच्च मुल्यांकन गर्दै प्रोत्साहनका लागि स्रोत साधनको अधिनमा रही आवश्यक व्यवस्था गर्न सक्नेछ।

## परिच्छेद १४

## दण्ड सजाय र विविध

**५६. दण्ड सजाय र अन्यः** (१) यस ऐन विपरित कुनै कसुर गरेमा जनस्वास्थ्य सेवा ऐन, २०७५, सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्ने ऐन २०६८ र अन्य प्रचलित कानून अनुसार दण्ड र सजाय हुनेछ।

**५७. नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउने अधिकारः** यस ऐनको कार्यन्वयनको लागि नगरपालिकाले आवश्यक नियम, कार्यविधि, निर्देशिका, रणनीति तथा मापदण्ड बनाउन सक्नेछ।

**५८. यस ऐन बमोजिम हुनेः** यस ऐनमा लेखिए जति कुरामा यस ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।

**५९. बाधा अड्काउ फुकाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा/अड्काउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी सक्नेछ।तर यस्तो आदेश नगर सभाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वतः निष्क्रिय हुनेछ।

**६०. खारेजी र बचाउः खारेजी र बचाउः** (१) पालुङटार नगरपालिका स्वास्थ्य तथा सरसफाइ ऐन, २०७५ खारेज गरिएको छ।

(२) पालुङटार नगरपालिका स्वास्थ्य तथा सरसफाइ ऐन, २०७५ बमोजिम भए गरेका काम कारबाही यसै ऐनद्वारा भए गरेको मानिनेछ।

आज्ञाले,
शेर बहादुर बि.सी
प्रमुख प्रशासकीय अधिकृत